# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०८।०६ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये घुस/रिसवत सम्बन्धी-२ वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।०८।०६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी

<u>देहायः</u>

| क्र सं | प्रतिवादी | मुद्दा | आयोगको मागदाबी | विशेष अदालतको फैसला र आधार | सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधार |
|---|---|---|---|---|---|
| १ | रमेश ढकाल (वि.अ. को मु.नं. ०७७-CR-०११८, वि.अ. को फैसला मिति २०७९।०३।९) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्र. रमेश ढकालः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.१,५०,०००।-कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(घ) बमोजिम सजाय हुन। | <u>फैसलाः</u> आरोपदावीबाट सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• बरामद रकम राज्यकोषवाट उपलब्ध गराइएको,<br>• प्रतिवादीले अदालतमा आरोपीत कसूरमा ईन्कार रही वयान गरेको,<br>• प्रतिवादीको साथवाट निवेदकले दिएको घुस रकम वरामद भएको नदेखिएको तथा प्रतिवादी रमेश ढकालले नै नविनकुमार कर्णलाई आफ्नो लागि घुस रकम लिन भनी अह्राएका अर्ह्रायिका थिए भन्ने पुष्टि नभएको,<br>• फोन सम्पर्क गर्न प्रचलित कानूनले कसूर नमानेको। | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन्।मुद्दामा संकलित अन्य प्रमाणको मूल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्रतिवादी सेवाग्राहीसँग घुस/रिसवत स्वरुप जम्मा रू १,००,०००।— रकम लिनु मञ्जुर हुनुका साथै थप रकम (रु.५०,०००।-) को लागि मोलमोलाई गरेको स-प्रमाण पुष्टि भएको,<br>• प्रतिवादी रमेश ढकालले नविनलाल कर्णलाई घुस रिसवत वापतको रकम लिन लगाउनुका साथै नविन कुमार कर्णले रमेश ढकाल सरलाई दिन मैले लिई राखिदिएको भनी लेखाएको,<br>• भ्रष्टाचार जस्ता भम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| २ | कृष्ण प्रसाद जैसी र किशोर कुमार मोक्तान (वि.अ. को मु.नं. ०७७-CR-००१७, वि.अ. को फैसला मिति २०७९।०२।०६) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्र. कृष्ण प्रसाद जैसी र किशोर कुमार मोक्तानः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.१,५०,०००।-कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा३(१)(घ) बमोजिम सजाय हुन। | <u>फैसलाः</u> आरोपदावीबाट सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• बरामद रकम राज्यकोषवाट उपलब्ध गराइएको,<br>• पहिले काम भएको अवस्थामा पछि रकम माग गरेको भनी उजूरी दिनु पूर्वाग्रहको संकेत हो भनि व्याख्या हुनुका साथै उक्त व्याख्या यस मुद्दामा समेत सान्दर्भिक हुने,<br>• प्रतिवादीहरुले कसूरमा ईन्कार रही वयान गरेको,<br>• टेलिफोन मोबाईल जस्ता अन्य स्वतन्त्र प्रमाणको पनि कानूनी दृष्टीकोणवाट कुनै महत्व नहुने भनी व्याख्या भएको। | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन्।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• निवेदकलाई चेक हस्तान्तरण नगरी आलटाल/ढिलासुस्ती गरी घुस वापतको रकम प्राप्त भएपश्चातमात्र चेक दिने गलत मनसाय रहेको प्रष्ट भैरहेको अवस्थामा पहिले काम भएको अवस्थामा पछि रकम माग गरेको भनी उजूरी दिनु पूर्वाग्रहको संकेत हो भनी भएको व्याख्या प्रस्तुत मुद्दामा मेल नखाने,<br>• भ्रष्टाचार जस्ता भम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतिय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • प्र.को साथबाट रकम बरामद भएकोमा आफूवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको । |